# ललितपुर जिल्लामा रहेका विद्यालयहरु सञ्चालन सम्बन्धी मापदण्ड, २०७८

कोभिड- १९ को महामारीका कारण लामो समयसम्म विद्यालयहरु भौतिक रुपमा सञ्चालन हुन नसकेको परिवेशमा यस जिल्लाभित्रका विद्यालयहरु भौतिक रुपमा उपस्थित भई सञ्चालन गर्दा विद्यालय खोल्नु अघि विद्यालयले गर्नुपर्ने पूर्वतयारी, पूर्व शर्तकता विद्यालयको भौतिक अवस्था, शिक्षक, विद्यार्थीको संख्या, भौगोलिक अवस्था र स्वास्थ्य सुरक्षाको अवस्था समेतलाई मध्यनजर गर्दै विद्यालयहरुले तपसिल बमोजिमको मापदण्डको अधिनमा रही भौतिक रुपमा कक्षाहरुसञ्चालन गर्न सक्नेछ ।

**(१) विद्यालय सञ्चालन गर्नुपूर्व विद्यालयले तयारी गर्नुपर्ने कार्यहरु**

(क) विद्यालयले अभिभावक, शिक्षक तथा अन्य सरोकारवालाहरुको छलफल, भेला गरी विद्यालय, समुदायमा कोभिड -१९ को अवस्थालाई समीक्षा गर्ने र विद्यालय व्यवस्थापन समितिको बैठक बसी विद्यालय भौतिक रुपमा सञ्चालन गर्नेविद्यालयको भौतिक अवस्था, विद्यार्थी संख्या, कक्षाकोठा आकार र संख्या, खेलमैदान आदिको समग्र विश्लेषण गरि कार्यविधि निर्माण गरी स्थानीय तहमा पेश गर्ने ।

(ख) स्थानीय तहले विद्यालयले पेश गरेको कार्यविधि, कार्ययोजनाको विश्लेषण गरी स्वास्थ्य सहजीकरण समिति निर्माण गरी विद्यालयहरुको स्थलगत अनुगमन गरी सबै मापदण्ड पुरा गरेको भए सङ्क्रमणको जोखिम न्यून रहेको अवस्थामा विद्यालय खोल्नका लागि अनुमति दिन सक्ने ।

(ग) विद्यालयले भौतिक रुपमा विद्यालय खोल्नका लागि स्थानीय प्रशासनकोसमेत अनुमति लिनुपर्ने ।

(घ) स्थानीय तह र स्थानीय प्रशासनको निर्देशन बमोजिम विद्यालयले सञ्चालन मिति, समयसहितको सूचना टाँस गर्नुपर्ने । विद्यालय आउँदा जाँदा र विद्यालयमा रहँदा पालना गर्नुपर्ने मापदण्ड तयारी गरी विद्यार्थी, शिक्षक, विद्यालय कर्मचारी र अभिभावकहरुलाई जानकारी दिनुपर्ने ।

(ङ) विद्यालय हाता भित्र हातधुने स्थान, सावुन, पानी, सेनिटाइजर, मास्क तथा तापक्रम नाप्नका लागि थर्मलगनसहितको हेल्थ डेस्कको व्यवस्थागर्ने।

(च) नगरपालिका/गाउँपालिकाको सहयोग तथा सहजीकरण टीमसँग समन्वय तथा सम्पर्क गर्न र अन्य निकायसँगको सहकार्य र समन्वयका लागि विद्यालयस्तरमा विव्यसका सदस्यसमेत रहनुभएका शिक्षक प्रतिनिधिको संयोजकत्वमा विद्यार्थी सहितको सहभागितामा ५ सदस्यीय स्वास्थ्य सहयोग तथा सहजीकरण समिति गठन गर्ने,

(छ) विद्यालयले आवश्यकता अनुसारको स्वास्थ्यकर्मीसहितको हेल्थ डेस्क निर्माण गर्ने नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहको समन्वयमा स्वास्थ्य परीक्षण र परामर्श सञ्चालन गर्ने । विद्यार्थीहरुलाई ज्वरो, रुघाखोकी जस्ता लक्षण देखिएमा घरमै आराम गर्न र अन्य स्वास्थ्य परीक्षणका लागि सूचित गर्ने ।

(ज) सङ्क्रमित शिक्षक, बालबालिकालाई पुर्ण रुपमा निको नभइन्जेसम्म घरमै बस्ने वातावरण निर्माण गर्ने र सिकाइ निरन्तरताका लागि वैकल्पिक माध्यमहरुको प्रयोग समेत हुने व्यवस्था मिलाउने ।

(झ) विद्यालय संचालन गर्दा पालना गर्नुपर्ने स्वास्थ्य सुरक्षाका मापदण्डहरुको विषयमा सम्बन्धित स्थानीय तहले नियमित रुपमा संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

## (२) विद्यालय सञ्चालन अवधिको समयमा गर्नुपर्ने कार्यहरु

(क) विद्यालयमा प्रवेश गर्नुपूर्व विद्यार्थी, शिक्षक र कर्मचारीहरुको ज्वरो परीक्षण गर्नुपर्ने ।

(ख) विद्यालयमा सबैले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ।

(ग) विद्यालयले निर्माण गरेको कार्यविधि सबैले देख्ने ठाउँमा टाँस गर्ने र अनिवार्य पालना गर्ने ।

(घ) कक्षाकोठा, शौचालय,रेलिङ, ह्यातधुने ठाउँलाई दैनिक रुपमा निर्मलीकरण गर्ने ।

(ङ) विद्यालय सञ्चालनका समयमा विद्यार्थी, शिक्षक र कर्मचारीलाई स्वास्थ्य समस्या वा सङ्क्रमण देखिएमा आइसोलेसनको व्यवस्था गर्ने र अभिभावकहरुलाई सम्पर्क गरी जिम्मा लगाउने ।

(च) विद्यार्थीहरुलाई खाजा घरबाट ल्याउनका लागि अनिवार्य गर्ने र बाँडेर नखानका लागि सुसूचित गर्ने ।

(छ) सामुहिक क्रियाकलापहरु नगराउने, भौतिक दुरी कायम गरी योग अभ्यास र व्यायाम गराउन सकिने ।

(ज) स्थानीय स्तरमा उपलब्ध स्वास्थ्यकर्मीसहितको टोलीले समयसमयमा स्वास्थ्य परीक्षण तथा सहजीकरण गर्ने गराउने ।

(झ) विद्यालय परिवार बाहेक अन्य व्यक्तिहरुलाई विद्यालय परिसरमा प्रवेश नगराउने र गर्नै पर्ने अवस्था भएमा मास्क, सेनिटाइजरको प्रयोगका साथ सामाजिक दुरी कायम गराउने,

(ञ) विद्यालयमा क्यान्टिन सञ्चालन नगर्ने, विद्यार्थीले स्वयम् घरमा निर्माण भएको खाजा र पानी लिएर आउनु पर्ने र एक अर्कामा आदन प्रदान गर्न नदिने,

(ट) विद्यालय भौतिकरुपमा सञ्चालन गर्नुपुर्व विद्यालय र अभिभावकका बीचमा भैपरी आउन सक्ने स्वास्थ्य जोखिम सामूहिकरुपमा बहन गर्ने कुराको सम्झौता गर्ने गराउने ।

(ठ) विद्यालयले गाडी सञ्चालन गर्दा विद्यार्थी चढ्नुअघि निर्मलीकरण गरी १ सिटमा १ जना मात्र राख्ने गरी व्यवस्थापन गर्ने ।

(ड) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय पुनः सञ्चालन सम्बन्धि कार्यढाँचा, २०७७ र कोभिड १९ संक्रमण जोखिम नियन्त्रणका लागिस्मार्ट लकडाउनसम्वन्धीकार्यविधी, २०७८ तथा स्वास्थ्य सुरक्षाको सम्पूर्ण मापदण्ड परिपालना गर्नुपर्ने ।

(ढ) एउटै क्षेत्र र समुदायका विद्यार्थी भएका तर संख्यात्मक रुपमा न्यून भएका विद्यालयहरुले विद्यालयको भौतिक अवस्था अनुसार एकै सिफ्टमा सञ्चालन गर्न सक्ने ।

(ण) ३०० सम्म विद्यार्थी भएका विद्यालयहरुले विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र भूगोल अनुसार ५० प्रतिशतसम्म सिफ्टमा विद्यालय सञ्चालन गर्न सक्ने ।

(त) ३०० भन्दा अधिक विद्यार्थी सङ्ख्या भएका विद्यालयहरुले एक सिफ्टमा २५ प्रतिशतमा नबढ्ने गरि दिनको २ सिफ्टसम्म सञ्चालन गर्न सक्ने ।

(थ) ३ फिटको डेस्कमा १ जना विद्यार्थी र ४ फिटभन्दा बढीको डेस्क भएमा मात्र २ जनासम्म राख्न सकिने गरी व्यवस्थापन गर्ने ।

(द) सम्भव भएसम्म अविभावक स्वयंले बालबालिकालाई विद्यालय ल्याउने र लैजाने व्यवस्था मिलाउन प्रेरित गर्ने ।

सङ्क्रमण घट्दै गएमा कार्यविधि अनुसार पुनः सूचारु गर्न सकिनेछ।

## (४) स्थानीय तहको जिम्मेवारी

(क) सामुदायिक विद्यालयहरुलाई आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरु (मास्क, स्यानीटाइजर, स्यानीटरी प्याड )शैक्षिक सामग्रीहरु(पुस्तक, अभ्यास पुस्तिका, CUG सिम आदि) को व्यवस्थापन गर्ने।

(ख) सुरक्षित विद्यालय सूचक निर्माण गर्ने र स्वास्थ्यका मापदण्डहरु पुगे नपुगेको समय समयमा अनुगमन गर्र पृष्ठपोषण प्रदान गर्ने।

(ग) स्वास्थ्य सुरक्षाका मापदण्ड अनुसार आफ्नो क्षेत्र भित्रको जोखिम विश्लेषण गरी बन्द गर्ने, स्थगित गर्ने वा पुन सूचारु गर्नका लागि जिल्ला सङ्कट व्यवस्थापन केन्द्र, सुरक्षा निकाय र स्वास्थ्य संस्थासँग समन्वय गर्ने।

(घ) विद्यालयमा गठित स्वास्थ्य सहयोग तथा सहजीकरण समितिको साप्ताहिक रुपमा समीक्षा बैठक बस्न निर्देश दिने र उक्त समितिको साप्ताहिक समिक्षा प्रतिवेदन लिने र आवश्यक सहयोग तथा सुझाव प्रदान गर्ने।

(ङ) विद्यालयमा गठित स्वास्थ्य सहयोग तथा सहजीकरण समितिलाई विद्यालयको स्वास्थ्य तथा सरसफाईव सम्बन्धमा सक्रिय भूमिका निर्वाह गर्न आवश्यक सहयोग गर्ने।

(च) विद्यालयहरुलाई भौतिक कक्षा सञ्चालनका क्रममा कोभिड १९ को मापदण्ड पालना सम्बन्धि दैनि अभिलेख राख्न लगाई आवधिक रुपमा प्राप्त गर्ने र आवश्यक सहयोग तथा सुझाव प्रदान गर्ने।

## (५) अभिभावकको जिम्मेवारी

(क) भौतिक रुपमा कक्षा सञ्चालन गर्ने विद्यालयहरुमा समुदाय तथा अभिभावकहरुले समय समयमा अनुगमन र कोभिड १९ को सङ्क्रमणको रोकथाम तथा न्यूनीकरणको आवश्यक उपायहरुको उचित व्यवस्थापन गरे नगरे सम्बन्धमा प्रधानाध्यापक/प्रिन्सिपल/विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई जानकारी गराउने सुझाव दिने।

(ख) आफ्ना बालबालिकाहरुलाई आवश्यक पर्ने दैनिक शैक्षिक सामाग्रीहरु, खाजा, पानी तथा स्वास्थ्यको ल आवश्यक स्यानीटाइजर, मास्क, फेससिल्ड आदिको व्यवस्था गरी विद्यालय पठाउने।

(ग) समय समयमा विद्यालयमा उपस्थित भई आफ्ना बालबालिकाहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड पालना नगरेको बारेमा जानकारी लिने।

(घ) आफ्ना बालबालिकाहरुलाई भिडभाडमा घुलमिल नहुन र भौतिक दूरी कायम गर्न नियमित रुपमा सचेत र राख्ने।

(ङ) बच्चालाई ज्वरो आएमा वा कोभिडसँग सम्बन्धित कुनै पनि लक्षण देखा परेमा सोको जानक विद्यालय प्रशासनमा तत्कालै गराउने र निको नभएसम्म विद्यालय नपठाउने।

(६) शिक्षकको जिम्मेवारी

(क) विद्यालय परिसर भित्र रहँदा सम्म सम्पुर्ण सुरक्षात्मक उपायहरु जस्तै : मास्क लगाउने, भौतिक दुरी कायमगर्ने, साबुनपानीले हातधुने, अनावश्यक रुपमा बच्चाहरु सँग झुम्मीने वा नजिकिने नगर्ने ।

(ख) कक्षाकोठा भित्रको व्यवस्थापन जस्तै: विद्यार्थीहरु तोकिएको डेक्स बेन्चमा बसे नबसेको, कक्षाकोठाको झ्याल ढोकाखुला रहे नरहेको, प्रकाश तथा हावा आवत जावत भए नभएको सुपेरिवेक्षण गरी व्यवस्थापन गर्ने ।

(ग) शिक्षण अवधिभर कोभिड १९ सँग सम्बन्धितमिल्दो जुल्दो लक्षण कोहि कसैलाई देखा परेमा तुरुन्तै विद्यालय प्रशासनमा जानकारी गराउने ।

(घ) विद्यालयहातामाकोहि कसैलाई विभेदपुर्ण व्यवहार नगर्ने नगराउने ।

(ङ) संक्रमणको जोखिमअवधिभर सामुहिकक्रियाकलापलाई कमप्राथमिकतादिने ।

(च) कोभिड १९ को नियन्त्रण सम्बन्धमा नेपाल सरकारले जारी गरेको कार्यविधि मापदण्ड एवं स्वास्थ्य सुरक्षा मापदण्डको कार्यान्वयनमाजोड दिने ।

(७) विद्यार्थीको जिम्मेवारी

(क) विद्यार्थीहरुले विद्यालय आउँदा अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ ।

(ख) विद्यालय हाता भित्र प्रवेश गर्नुअघि अनिवार्य रुपमा साबुन पानीले हातधुने वा सेनिटाइज गर्ने ।

(ग) विद्यालय हाता भित्र प्रवेश गर्नु अघि अनिवार्य रुपमा ज्वरो मापन गर्ने ।

(घ) विद्यार्थीहरुले विद्यालय आउँदा बाटोमा भौतिक दुरी कायमगर्ने र अनावश्यक गफ तथा भिडभाड नगरी विद्यालय हातामा प्रवेश गर्ने ।

(ङ) खोकी लाग्दा वा हाच्छ्यु गर्दा अनिवार्य रुपमा कुहिनोले वा रुमालले मुख छोप्ने ।

(च) कक्षा कोठा भित्रको बसाईमाकम्तीमा १ मिटरको भौतिक दुरी कायम गर्ने ।

(छ) कक्षा कोठामा रहँदा व्यक्तिगत सामानहरु जस्तै : कपी, किताब, कलम, क्याल्कुलेटर साटासाट नगर्ने ।

(ज) कक्षा कोठा भित्र खाना, खाजा बाँडेर नखाने ।

(झ) शौचालय जाँदा आउँदा भिडभाड नगरी भौतिक दुरी कायम गरी जाने आउने गर्ने र साबुन पानीले अनिवार्य रुपमा हात धोएर फर्कने ।

(ज) अनावश्यक रुपमा रेलिङ, च्यानलगेट लगायतका वस्तुहरु नछुने ।

(झ) विद्यालयबाट घर गईसकेपछि अनावश्यक रुपमा समुदायमा घुमफिर नगर्ने र सामुहिक खेलकुदका क्रियाकलापमा सहभागि नहुने ।

(८) गैर सरकारी संस्था तथा अन्य निकायहरुको जिम्मेवारी (रेडक्रस, उद्योग वाणिज्य संघ आदि)

(क) कोभिड-१९ सँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ख) विद्यालय/विद्यार्थी/शिक्षकहरु सँग आवश्यक सहयोग र समन्वय गर्ने ।

(ग) छापा तथा डिजिटल सामग्रीहरु तयार गर्न प्रचार प्रसार गर्न सहयोग गर्ने ।

(९) विद्यालयहरुले पालना गर्नुपर्ने स्वास्थ्य सुरक्षा मापदण्ड सम्बन्धि अन्य बिषयहरु

(क) हरेक विद्यालयमा कोभिड- १९ का लागि सम्पर्क व्यक्तिको व्यबस्था गर्नुपर्नेछ । उक्त सम्पर्क व्यक्तिले बिद्यालयका सम्पूर्ण शिक्षक, बिद्यार्थी तथा कर्मचारीहरुले कोभिड १९ बिरुद्धको खोप लगाए नलगाएको विबरण अद्याबधिक गर्नुपर्नेछ ।

(ख) सम्पर्क व्यक्ति, शिक्षक तथा अन्य कर्मचारीहरुलाई कोभिड १९ रोकथाम सम्बन्धि सुरक्षा मापदण्डको बिषयमा अभिमुखीकरण तालिम सञ्चालन गर्नुपर्नेछ ।

(ग) कोभिड १९ को बिषयमा के गर्ने के नगर्ने भन्ने बारेमा जानाकारी दिने सामाग्रीहरु हरेक कक्षा कोठा, लवी र अन्य देखिने ठाउँमा टाँस्नु पर्नेछ ।

(घ) बालबालिकाहरुलाई कोभिड-१९ संक्रमणको उच्च जोखिमको बारेमा बिद्यालय आउनुभन्दा पहिले अग्रिम जानाकारी गराउने, साथै नजिकको स्वास्थ्य चौकिमा स्वास्थ्य जाँच गराउने ।

(ङ) बिद्यालयमा कोही व्यक्ति पोजिटिभ भएको पाइएमा उक्त व्यक्तिको सम्पर्कमा आएका बालबालिकाहरुलाई क्वारेन्टाइनमा राख्नु पर्नेछ ।

(च) मास्क नलगाएका व्यक्तिहरुलाई बिद्यालयमा मास्क उपलब्ध गराउने व्यबस्था मिलाउने ।

(छ) सकेसम्म बिद्यालय खुल्ने समयलाई छोटो बनाउने ।

(ज) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तय गरेको किटाणुशोधन विधी अनुरुप नियमित रुपमा बाल विकास केन्द्र, विद्यालय प्राङ्गण, कक्षाकोठा, फर्निचर, बालबालिका बोक्ने गाडी, क्याफेटेरिया, पुस्तकालय, प्रयोगशाला, शौचालय, छात्रबास आदि स्वच्छता तथा सरसफाई गर्ने व्यवस्था मिलाउने ।

(झ) समुहमा खेलिने खेल तथा सामुहिक क्रियाकलापहरु नगर्ने ।

(ञ) कोभिड- १९ सम्बन्धि कुनैपनि समस्याको आबश्यक सञ्चारका लागि कक्षागत रुपमा कोभिड १९ सम्पर्क व्यक्ति सहित अविभावक तथा कक्षा शिक्षक बीच सञ्चार सञ्जाल बनाउनुपर्नेछ ।

(ट) फरक क्षमता भएका विद्यार्थीको हकमा आबश्यकता अनुशार विशेष हेरचाह सुविधा प्रदान गर्नुपर्नेछ ।

(ठ) हरेक १५ दिनमा कक्षा सञ्चालनको प्रभावकारिता, संक्रमण दर लगायतका बिषयहरुमा समिक्षा गरी सो को बारेमा स्थानीय प्रशासन तथा अभिभावक समेतलाई जानकारी गराउने ।

(१०) स्थानीय अनुगमन समिति

(क) प्रत्येक स्थानीय तहमा आफ्नो क्षेत्रभित्र संचालित विद्यालयहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरुको प्रभावकारी पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्न तपसिल बमोजिमको स्थानीय अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| सामाजिक समितिको संयोजक | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(ख) अनुगमन समितिको काम,कर्तव्य र अधिकार

१. आफ्नो क्षेत्र भित्र संचालित विद्यालयहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

२. विद्यालयहरुको अनुगमन गर्न वस्तुनिष्ट सुचकहरु निर्धारण गर्ने ।

३. स्वास्थ्य सुरक्षाका मापदण्डहरुको प्रभावकारी पालना गराउने सम्बन्धमा आवश्यकता बमोजिम स्थानीय तहका जनप्रतिनिधी, विद्यालय व्यवस्थापन समिति, अविभावक, शिक्षक, विद्यार्थी एवं अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

४. स्वास्थ्य सुरक्षाका मापदण्ड अनुसार आफ्नो क्षेत्रको जोखिमविश्लेषण गरी बन्दगर्ने, स्थगितगर्ने वा पुनः सुचारु गर्नका लागि जिल्ला संकट व्यवस्थापन केन्द्र, सुरक्षा निकाय र स्वास्थ्य कार्यालय सँग आवश्यक समन्वय गर्ने ।

५. स्वास्थ्य सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय स्तरमा गठित स्वास्थ्य सहयोग तथा सहजीकरण समितिलाई आवश्यक सहयोग गर्ने ।

६. आफ्नो क्षेत्र भित्र संचालित विद्यालयहरुको अनुगमन गरी नियमित रुपमा अनुगमन प्रतिवेदन जिल्ला संकट व्यवस्थापन केन्द्र र स्वास्थ्य कार्यालयलाई उपलब्ध गराउने ।

७. स्थानीय निकायमा क्रियाशिल गैर सरकारी संस्था, रेडक्रस, उद्योग वाणिज्य संघहरु सँग समन्वय गरी सहयोगात्मक/सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(११) निष्कर्ष

विद्यालय संचालन कोभिड १९ नियन्त्रणको हिसाबले जोखिमपुर्ण क्षेत्र रहेको, हालसम्म पनि कम उमेरका बाल बालिकाहरुलाई खोपको व्यवस्था हुन नसकेको र विगत लामो समय देखि विद्यालयको शिक्षण सिकाई क्रियाकलाप वैकल्पिक विधिबाट संचालन हुँदै आएको सन्दर्भमा सामुदायिक तथा संस्थागत विद्यालयका आधारभूत तहका विद्यार्थीहरुलाई तत्कालको लागि वैकल्पिक शिक्षण विधिबाटै पठनपाठनको व्यवस्था मिलाउने र दशै तिहार तथा छठ पछि भौतिक उपस्थितिमा कक्षाहरु संचालनगर्ने विषयमा स्थानीयतहको सिफारिसमा आवश्यक निर्णय लिन उपयुक्त हुने साथै माध्यमिक विद्यालय तहका विद्यालयहरु संचालन गर्ने सम्बन्धमा विद्यालय पुनः सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ र कोभिड १९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधी, २०७८ तथा स्वास्थ्य सुरक्षाको सम्पूर्ण मापदण्डहरु पालना गर्ने गरी २०७८ असोज १ गतेदेखि विद्यालय संचालन गर्न सक्ने गरी स्थानीय तहहरुलाई निर्देशन दिन उपर्युक्त हुने देखिएको ।